"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका

## Mahalaxmi Municipality

कृषि विकास शाखा
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

प.स.२०७७/०७८ मिति:२०७७/८/११

च.न.

सूचना न.१

*सूचना । सूचना ।। सूचना ।।।*

आ.ब.२०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत महालक्ष्मी नगरपालिका क्षेत्र भित्र तपशिल अनुसारका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/निजी कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएका मितिले ३० औं दिन भित्र अर्थात (मिति २०७७/९/१० गते भित्र यस महालक्ष्मी नगरपालिका कृषि बिकास शाखामा तोकिएको ढाँचा (अनुसूची -१०) अनुसार आबेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै म्याद भित्र नपरेका तथा रितपुर्वक नपरेका निबेदन उपर कुनै कारबाही नहुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

*तपशिल:*

| *क्र.स.* | *संचालन हुने पकेटको बिबरण* | *पकेटको क्षेत्रफल* | *कार्यक्षेत्र* |
|---|---|---|---|
| १ | राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र पकेट बिकास कार्यक्रम संचालन (तरकारी) | ७ हेक्टर (१४० रोपनी) | महालक्ष्मी नगरपालिका भित्र नगरपालिका बाट निर्धारित पकेट प्याकेज अबधारणा बमोजिम प्राप्त निवेदनलाई प्राथमिकता दिईने छ । |

*निबेदनका साथ पेश गर्नुपर्ने कागजातहरु*

१ कार्यक्रम मागको निबेदन अनुसूची-१० अनुसारको ।

२ सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नबिकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।

३ कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वमित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको भाडा सम्झौता पत्रको प्रतिलिपी ।

४ निबेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

५ कार्य समितिको निर्णयको प्रतिलिपी ।

६ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**#** थप जानकारीको लागि कृषि बिकास शाखामा सम्पर्क राखु हुन वा निम्न मोवाईल नम्बरहरुमा सम्पर्क गर्नु हुन अनुरोध छ ९८४८३६८१०६/९८४२४२४७४७/९८४९१९१२६६/९८४३१९४५७६

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०१-५२०३५८२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np